**हेटौंडा उपमहानगरपालिका**

# नगर कार्यपालिकाको कार्यालय

**हेटौंडा, मकवानपुर**

**बागमती प्रदेश, नेपाल**

**सार्वजनिक शौचालय शुल्क सङ्कलन सूचना**

**ठेक्का नं.: HMUN/Rajaswa/04/2079/80**

**प्रथम पटक प्रकाशित मितिः२०७९/०२/३०**

यस उपमहानगरपालिकाको स्वामित्वमा रहेको वडा नं.१० बासपार्क स्थित (बासुदेव मार्ग, बसपार्क र चालिस कोठे भवनमा रहेको समेत) ३ वटा सार्वजनिक शौचालयहरुबाट तपसिलमा उल्लेखित दररेटमा शौचालय प्रयोग शुल्क संकलन गर्न आ.ब. २०७९/८० को आषाढ मसान्त सम्मका लागि स्थानीय सरकार  संचालन ऐन २०७४ को दफा ६२ बमोजिम यस उपमहानगपालिकाले लिन उठाउन पाउने सार्वजनिक शौचालय प्रयोग शुल्क संकलन गर्न स्वीकृत दररेटमा आ.व.२०७९/८० को लागी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुबाट आफ्नो फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र, आ.व. २०७७/७८ को आषाढ मसान्त सम्मको कर चुक्ता प्रमाणपत्र र कालो सूचिमा नपरेको स्वःघोषणा पत्रको प्रमाणित प्रतिलिपिहरु सहित रितपूर्वको सिलबन्दी बोलपत्र आव्हान गरिन्छ।

| सि.न. | ठेक्का नं. | ठेक्काको किसिम | आय सङ्कलन गर्ने दररेट (मू.अ.क. समेत) | न्युनतम अंक (मू.अ.क. बाहेक) | बोलपत्र फारम दस्तुर | धरौटि रकम | खरिद गर्ने अवधि |
|---|---|---|---|---|---|---|---|
| १ | **HMUN/Rajaswa /04/2079/80** | सार्वजनिक शौचालय शुल्क सङ्कलन | • दिशा गर्दा रू. १०।००<br>• पिसाब गर्दा रू. ५।०० | २१,०१,०००।०० | ३,०००।०० | मु.अ.क. समेतको कबोल अंकको ५% | मिति २०७९/०३/२९ गते कार्यालय समयसम्म। |

**शर्तहरु:**

1. बोलपत्र फारम पेश गर्ने फर्मले बोलपत्र दस्तुर बापतको रकम यस उपमहानगरपालिकाको नेपाल बैंक लि. **हेटौडाको आन्तरिक राजश्व खाता नं. ग१.१-०२५०३००००१००१००००१** मा जम्मा गरेको सक्कल भौचर वा कार्यालयमा नगद दाखिला गरेको रसिद सहित फर्मको इजाजत पत्र, मु.अ.कर दर्ताको प्रमाणपत्र आ.व.२०७७/०७८ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नुपर्नेछ ।
2. ठेक्काको मान्य अवधि २०७९ साउन १ गते देखि २०८० असार मसान्त सम्म कायम रहनेछ ।
3. बोलपत्र फारम प्रथम पटक सूचना प्रकाशित मितिबाट मिति २०७९/०३/२९ गते सम्ममा कार्यालय समयमा खरिद गर्न सकिनेछ र खरिद भएका बोलपत्रहरु मिति २०७९/०३/३० गते दिनको १२:०० बजे यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ । दर्ता भई आएका बोलपत्रहरु सोही दिनको (मिति २०७९/०३/३० गते) २.०० बजे यस कार्यालयमा कार्यालयको प्रतिनिधिहरु र बोलपत्रदाताहरुको रोहवोरमा खोलिनेछ । प्रस्ताव खोल्ने समयमा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थिति नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । साथै बोलपत्र फारम खरिद एवं दर्ता गर्ने अन्तिम दिन सार्वजानिक बिदा पर्न गएमा सो दिनको भोलिपल्ट कार्यालय खुलेको दिनलाई क्रमशः बोलपत्र खरिद एवं दर्ता गर्ने अन्तिम दिन मानिने छ ।
4. बोलपत्रदाताले सिलबन्दी बोलपत्रसाथ आफुले कबोल गरेको मु.अ.क. समेतको अंकको ५% ले हुन आउने रकम हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालयको नाममा रहेको नेपाल बैंक लि.सिटी अफिस हेटौंडाको धरौटी खाता ग३.० ०२५०३००००३००००००००१ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकले यस नगर कार्यपालिकाको

कार्यालयको नाममा जारी गरेको वोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा १२० दिन म्याद भएको विडबण्ड संलग्न गर्नु पर्नेछ । म्याद नाघी वा रित नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारबाही हुने छैन ।

5. बोलपत्रदाताहरुले कबोल गरेको रकम अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।
6. बोलपत्र फारमको प्रत्येक पानामा फर्मको छाप र आधिकारीक व्यक्तिको हस्ताक्षर भएको हुन पर्नेछ ।
7. बोलपत्र स्वीकृती भएको जानकारी पाएको ७ (सात) दिन भित्र प्रस्ताव दाताले पहिलो किस्ता बापत २५% ले हुने रकम मू.अ.कर सहितको रकम नेपाल बैंक हेटौंडा शाखाको ग१.१ ०२५०३०००००१००१००००००१ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ । दोश्रो र तेश्रो किस्ता त्रैमासिक रुपमा चालु आ.ब.को असार मसान्त भित्र मू.अ.कर सहितको रकम दाखिला गरी सक्कलै बैंक भौचर पेश गर्नु पर्नेछ र साथै सझौता अङ्कको ७५% ले हुने रकम र सोको मु.अ.कर सहितको रकम नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस नगर कार्यपालिकाको कार्यालयको नाममा सम्झौता मितिबाट सम्झौता अवधि सकिनु भन्दा कम्तीमा दुई महिना बढी म्याद भएको कार्य सम्पादन जमानत बैंक ग्यारेण्टी (परफरमेन्स वण्ड) संझौताको समयमा पेश गर्नु पर्नेछ ।
8. बोलपत्रको बोल कबोल रकम एकमुष्ठ नगद बुझाएमा ठेक्का अंकको १०% ले हुने रकम प्रचलित ऐन बमोजिम छुट दिन सकिनेछ।
9. यस सम्बन्धी सूचना यस कार्यालयको वेभसाईट ***www.hetaudamun.gov.np*** बाट समेत जानकारी लिन सकिनेछ । साथै यस कार्यालको सूचना पाटीमा समेत टांस गरिएकोछ ।
10. ठेक्का सम्बन्धी प्रिविड मिटिंग मिति २०७९/०३/२० गते दिउंसो २:०० बजे यसै कार्यालयमा हुनेछ ।
11. कुनै कारण जनाई वा नजनाई वोलपत्र स्वीकृत अस्वीकृत गर्ने अधिकार हेटौडा उपमहानगरपालिकामा सुरक्षित रहनेछ ।
12. अदालतको फैसला वा नेपाल सरकार वा प्रदेश सरकारको निर्णय बेगर यस सूचना बमोजिम भएको ठेक्का संझौतामा कुनै किसिमको मिन्हा वा छुट दिईने छैन ।
13. ठेकेदारले उठाउने कर यस कार्यालयले तोकेको संकलन केन्द्रमा नै उठाउनु पर्नेछ ।
14. यस सूचनामा उल्लेख भएको कुरा यसै अनुसार र नभएको कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।
15. अन्य थप जानकारीको लागि कार्यालय समयमा यस कार्यालयको राजश्व शाखाको फोन नं.०५७-५२४५८८ मा सम्पर्क राख्न सकिनेछ

**प्रमुख प्रशासकीय अधिकृत**